प्रदेश सरकार

लुम्बिनी प्रदेश

# आर्थिक मामिला तथा सहकारी मन्त्रालय

मुकाम: बुटवल, नेपाल

☎: ०७१-५४००२९

०७१-५५०००३

०७१-५५००६३

पत्र संख्या : सहकारी/०७८।७९

चलानी नं. :

## सीप विकास तालीम तथा वस्तुगत अनुदान सहयोग कार्यक्रममा सहभागी हुन लक्षित समूहका नागरिकहरुका लागि सूचना

प्रथम पटक प्रकाशित मिति: २०७८/११/२४

यस मन्त्रालयको आ.व. २०७८/०७९ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार लुम्बिनी प्रदेशका दाङ, बाँके र बर्दिया जिल्लाका स्थानीय तहहरुमा लक्षित समूह/समुदायमा (मुक्तकमैया, हलिया, कम्लरी, दलित, भूमिहिन, विपन्न) रहेका गरीब नागरिकको लागि सीप विकास तालीम तथा वस्तुगत अनुदान सहयोग कार्यक्रम सञ्चालन हुने भएकोले तपसिलको विषयको तालीममा सहभागी भई वस्तुगत अनुदान सहयोग समेत प्राप्त गर्न चाहने ईच्छुक व्यक्तिले लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को दफा ४ बमोजिमको मापदण्डभित्र पर्ने भनी सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस सहित कार्यविधिको अनुसूची-६ अनुसारको फाराम भरी यो सूचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिन भित्र सम्बन्धित स्थानीय तहमा पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। सम्बन्धित स्थानीय तहले लक्षित समूहले सीप विकासका लागि माग गरेको तालीमको विषय क्षेत्र अनुसार प्राथमिकताक्रमानुसार कार्यविधिको अनुसूची ७ बमोजिमको ढाँचामा सिफारिस सहित निवेदकहरुको सक्कलै निवेदन यस सूचनाको मिति समाप्त भएको मितिले ७ (सात) भित्र यस मन्त्रालयमा पठाई दिनुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ। प्रस्ताव पेश गर्दा संलग्न गर्नुपर्ने निवेदनको ढाँचा, कार्यक्रम प्रस्तावको ढाँचा र संलग्न गर्नुपर्ने कागजात तथा मापदण्डको विवरण लक्षित समूह/समूदायमा रहेका गरिब नागरिकहरुका लागि सीप विकास तालिम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०७८ बमोजिम हुने र सो को विवरण यस मन्त्रालयको वेबसाईट (moeap.lumbini.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

तालिममा समावेश हुने विषयहरु:-

१. सिकर्मी तथा फर्निचर सम्बन्धी तालीम
२. डकर्मी तथा र रङ्गरोगन सम्बन्धी तालीम
३. प्लम्बर तथा हाउस वायरिङ्ग सम्बन्धी तालिम
४. कपाल काट्ने तालीम
५. कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालीम
६. हाँस/कुखुरा पालन तालीम
७. एसी तथा फ्रिज जडान तथा मर्मत तालीम

प्रदेश सरकार (मन्त्रिपरिषद्)बाट स्वीकृत मितिः- २०७८/११/१५

# लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८

**प्रस्तावनाः** मन्त्रालयको स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गत लक्षित समूह/समुदायमा (मुक्तकमैया, कम्लरी, दलित, भुमिहिन, विपन्न आदि) रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम (दाङ, बाँके र बर्दिया) तथा लक्षित समूह/समुदायमा (मुक्तकमैया, कम्लरी, दलित, भुमिहिन, विपन्न आदि) रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीमका सहभागीहरुलाई अनुदान सहयोग कार्यक्रम (दाङ, बाँके र बर्दिया) कार्यान्वयन मार्फत तालीम प्राप्त नागरिकलाई पूँजी, प्रविधि, उपकरण तथा सीपसँग सम्बन्धित सामग्रीमा अनुदान सहयोग प्रदान गर्ने तथा गरीबीको रेखामुनी रहेका नागरिकलाई सीपमा आधारित स्वरोजगार मूलक उद्यम तथा व्यवसायको माध्यमबाट आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्ने कार्यमा लक्षित समूहको पहिचान तथा छनौंट गरी तालीम सञ्चालन तथा अनुदान सहयोग कार्यक्रमलाई व्यवस्थित, पारदर्शी तथा प्रभावकारी बनाई कार्यान्वयन तथा व्यवस्थापन गर्न वाञ्छनीय भएकोले,

प्रदेश सुशासन ऐन, २०७६ को दफा ५३ ले दिएको अधिकार प्रयोग गरी लुम्बिनी प्रदेश सरकारले यो कार्यविधि बनाएको छ।

## परिच्छेद–१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८” रहेको छ।

(२) यो कार्यविधि प्रदेश सरकारबाट स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,-

(क) "अनुदान" भन्नाले सीप विकास तालीम प्राप्त गरेका लक्षित समूह/समुदायलाई सम्बन्धित सीपमा आधारित स्वरोजगार मूलक उद्यम तथा व्यवसाय गर्नका लागि प्रदान गरिने पूँजी, प्रविधि, उपकरण तथा सामग्रीमा प्रदान गरिने अनुदान वा वस्तुगत सहयोग सम्झनु पर्छ।

(ख) “कार्यक्रम” भन्नाले लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम कार्यक्रम र त्यस्तो सीप विकास तालीममा सहभागीहरुलाई पूँजी, प्रविधि, उपकरण तथा सीपसँग सम्बन्धित सामग्रीमा अनुदान सहयोग कार्यक्रमलाई सम्झनु पर्छ।

(ग) "कार्यविधि" भन्नाले लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ सम्झनु पर्छ।

(घ) “तालीम प्रदायक” भन्नाले विभिन्न विषय क्षेत्रमा सीपमूलक तालीम प्रदान गर्ने उद्देश्यले स्थापना भएका नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तह अन्तर्गतका निकाय र प्रचलित कानून बमोजिम विभिन्न विषय क्षेत्रमा सीपमूलक तालीम प्रदान गर्ने उद्देश्यले स्थापना भएका नीजि वा गैर-सरकारी संस्था समेतलाई सम्झनु पर्छ।

(ङ) “परिवार” भन्नाले कानूनी रुपमा छुट्टाभिन्न नभएका, एकासगोलमा बस्ने तथा सगोलको आम्दानी खर्चमा चल्ने, एउटै भान्सामा खानपान गरी एकै ठाँउमा बस्ने एक वा एक भन्दा बढी व्यक्तिहरुको समूहलाई सम्झनु पर्छ।

(च) "प्रदेश" भन्नाले लुम्बिनी प्रदेशलाई सम्झनु पर्छ।

(छ) “मन्त्रालय” भन्नाले प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयलाई सम्झनु पर्छ।

(ज) "लक्षित समूह" भन्नाले मन्त्रालयले तोकेका जिल्ला अन्तर्गत दफा ४ को उपदफा (२) बमोजिम सम्बन्धित स्थानीय तहको सिफारिसका आधारमा छनौंट भएका मुक्त कमैया, हलिया, कम्लरी, दलित, भूमिहीन, द्वन्द्व पीडित, गरीब परिचय पत्र प्राप्त परिवार वा परिवारका सदस्य र विपन्न नागरिकलाई सम्झनु पर्छ।

(झ) “सीप विकास तालीम” भन्नाले लक्षित समूहलाई प्रदान गरिने अनुसूची-१ बमोजिमका आधारभूत सीप विकास तालीमलाई सम्झनु पर्छ।

(ञ) “स्थानीय तह” भन्नाले लुम्बिनी प्रदेशका गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ।

**३. <u>कार्यक्रमका उद्देश्य:</u>** यस कार्यक्रमका उद्देश्यहरु देहायबमोजिम रहेका छन्:-

(क) प्रदेशभित्र बसोबास गर्ने लक्षित समूह, मुक्त कमैया, हलिया, कम्लरी, दलित, भूमिहिन, विपन्न लगायतका नागरिकको मागमा आधारित सीप विकास तालीम सञ्चालन गर्ने,

(ख) गरीबीको रेखामुनी रहेका जनताको आय-आर्जनमा बृद्धि गर्ने प्रकृतिका तालीम सञ्चालन गर्ने,

(ग) सीप विकास तालीम प्रदान गरी तालीम प्राप्त नागरिकलाई पूँजी, प्रविधि, उपकरण तथा सीपसँग सम्बन्धित सामग्रीमा अनुदान तथा वस्तुगत सहयोग गर्ने,

(घ) सीपमा आधारित स्वरोजगार मूलक उद्यम तथा व्यवसायको माध्यमबाट आर्थिक तथा सामाजिक जीवनस्तरमा सुधार गर्ने।

## परिच्छेद– २

## <u>लक्षित समूह तथा तालीम प्रदायक निकायको छनौंट विधि</u>

४. **<u>लक्षित समूहको छनौट</u>:** (१) मन्त्रालयले कार्यक्रम सञ्चालन गरिने जिल्लाका लक्षित समूहको छनौंटका लागि प्रदेशका राष्ट्रिय दैनिक पत्रिकामा कम्तीमा १५ दिनको अनुसूची-५ बमोजिमको ढाँचामा सूचना प्रकाशन गर्नेछ।

(२) लक्षित समूहले उपदफा (१) बमोजिमको सूचनामा तोकिएका शर्त, समयावधिभित्र सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस सहित अनुसूची-६ बमोजिमको विवरण भरी स्थानीय तहको कार्यालयमा पेश गर्नु पर्नेछ।

(३) सम्बन्धित स्थानीय तहको वडा कार्यालयले लक्षित समूहको सिफारिस गर्दा देहायको आधारमा गर्नु पर्नेछः-

(क) परिवारको सदस्यको नाममा तराईको ५ कठ्ठा र पहाडको ५ रोपनी भन्दा कम खेतीयोग्य जमिन भएको,

(ख) परिवारका कुनै पनि सदस्य सरकारी वा अन्य संगठित संस्थामा रोजगार नभएको,

(ग) कुनै पेशा वा व्यवसायवाट मासिक दश हजार भन्दा कम आम्दानी भएको,

(घ) नेपाल सरकारले जारी गरेको गरीब परिवार परिचय पत्र प्राप्त परिवार वा परिवारको सदस्य,

(ङ) भौगोलिक विकटता र मानव विकास सुचकाङ्कमा पछाडि परेका समूह, वा

(च) प्रचलित कानून बमोजिम मुक्त कमैया, हलिया, कम्लरी, भूमिहिन, विपन्न समूह लगायतका परिचय पत्र प्राप्त गरेका नागरिक।

(४) उपदफा (२) बमोजिम लक्षित समूहले पेश गरेका कागजात समेतका आधारमा सम्बन्धित स्थानीय तहले सीप विकास तालीमको माग बमोजिमको प्राथमिकीकरण गरी वर्गीकृत विवरण तथा पेश हुन आएका सक्कल कागजात सहित अनुसूची-७ बमोजिमको ढाँचामा मन्त्रालयले तोकेको अवधिभित्र वा प्रस्ताव पेश गर्ने म्याद समाप्त भएको मितिले ७ दिनभित्र मन्त्रालयमा पठाउनु पर्नेछ।

(५) उपदफा (४) बमोजिम स्थानीय तहले पेश गरेको विवरण तथा प्राथमिकीकरण गरेको सूचीको आधारमा तालीममा सहभागी गराउने लक्षित समूहको छनौंटका लागि कार्यक्रम व्यवस्थापन समितिले पुनःअध्ययन गरी अन्तिम नामावली तयार गरी निर्देशक समिति समक्ष सिफारिस गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम पेश हुन आएका अन्तिम नामावली निर्देशक समितिले स्वीकृत गरे पश्चात लक्षित समूह सीप विकास तालीममा सहभागी हुन सक्नेछन्।

(७) यस दफा बमोजिम स्थानीय तहले लक्षित समूह पहिचान तथा सिफारिस गर्दा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमका कार्यक्रम सहजकर्ताले सहयोग गर्नु पर्नेछ।

**५. <u>तालीम प्रदायक निकायको छनौट</u>**: (१) मन्त्रालयले सीप विकास तालीम सञ्चालनका लागि सम्भव भएसम्म सरकारी स्वामित्वका तालीम प्रदायक निकाय छनौंट गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिमका सरकारी स्वामित्वका तालीम प्रदायक निकाय नभएमा वा त्यस्तो निकायले तालीम प्रदान गर्न नसक्ने भएमा मन्त्रालयले कार्य क्षेत्रगत शर्त निर्माण गरी तालीम सञ्चालन गर्ने उद्देश्यले स्थापना भएका निजी वा गैरसरकारी संस्था/फर्म /कम्पनीहरुलाई तालीमको लागि प्रस्ताव पेश गर्न अनुसूची-२ बमोजिमको ढाँचामा कम्तीमा १५ दिनको म्याद दिई सूचना प्रकाशन गर्नेछ।

(३) तालीम प्रदायक संस्थाले अनुसूची-३ बमोजिमको निवेदन साथ सूची दर्ताको लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(४) तालीममा सहभागी हुने संख्या र तालीम गर्ने स्थान एकीन भैसकेपछि मन्त्रालयले सूचीकृत भएका तालीम प्रदायक निकायहरुबाट प्रचलित कानून बमोजिम सूचना प्रकाशन गरी विस्तृत प्राविधिक तथा आर्थिक प्रस्ताव माग गर्नेछ।

(५) तालीम प्रदायक निजी वा गैरसरकारी फर्म/संस्था/कम्पनीहरुले प्रस्ताव पेश गर्दा प्रचलित कानून बमोजिम पेश गर्नुपर्ने कागजातका अतिरिक्त अनुसूची-४ बमोजिमको ढाँचामा तालीम सञ्चालनको प्राविधिक तथा आर्थिक प्रस्ताव पेश गर्नु पर्नेछ।

(६) तालीम प्रदायक नीजि वा गैरसरकारी फर्म/संस्था/कम्पनीको छनौंटका लागि मूल्याङ्कनका आधारहरु निर्देशक समितिले स्वीकृत गरे बमोजिम हुनेछ।

(७) मन्त्रालयले उपदफा (६) बमोजिम छनौंट भएका तालीम प्रदायक निकायसँग अनुसूची-८ बमोजिमको सम्झौता गरी तालीम सञ्चालन गर्नेछ र मन्त्रालयले तालिमको प्रकृति अनुसार सम्झौताका शर्तहरु थपघट र हेरफेर गर्न सक्नेछ।

(८) तालीम प्रदायक निकाय छनौंट सम्बन्धी अन्य व्यवस्था प्रचलित सार्वजनिक खरिद, तालीम सञ्चालन सम्बन्धी कानून तथा प्रदेश सरकारको खर्चको मापदण्ड सम्बन्धी कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद–३

## सीप विकास तालीम सञ्चालन तथा रकम भुक्तानी विधि

६. **तालीम सञ्चालन प्रक्रिया:** (१) छनौंट भएका लक्षित समूहलाई निजको मागको आधारमा अनुसूची-१ मा उल्लिखित तालीममध्ये कुनै एक विषयमा आधारभूत सीप विकास तालीममा सहभागी गराइनेछ।

तर माग भएको विषयमा तालीम सञ्चालन गर्न तालीम प्रदायक निकाय उपलब्ध नभएमा वा दश जना भन्दा कम संख्यामा मात्र तालीमको माग भएमा सो विषयको तालीम सञ्चालन गरिने छैन र सोको जानकारी सम्बन्धित स्थानीय तह मार्फत गराइनेछ।

(२) तालीम सञ्चालन हुने स्थानको छनौंट तालीम माग गरेका लक्षित समूहको बसोवास वा अन्य उपयुक्त मापदण्डको आधारमा निर्देशक समितिले तोके वमोजिम हुनेछ।

७. **रकम भुक्तानी प्रक्रिया:** (१) मन्त्रालयले तालीम प्रदायक निकायलाई रकम भुक्तानी गर्दा कार्यसम्पन्नताका आधारमा गर्नेछ।

(२) तालीम प्रदायक निकायले भुक्तानी माग गर्दा देहायका विवरण तथा कागजात पेश गर्नु पर्नेछः-

(क) तालीममा सहभागी भएका लक्षित समूह, तालीम प्रशिक्षक, सहायक प्रशिक्षक, सहयोगी कर्मचारीको दैनिक हाजिरी विवरण,

(ख) तालीमका प्रयोग भएका प्रयोगात्मक क्रियाकलापका लागि प्रयोग भएका सामग्रीका बिल भरपाई,

(ग) तालीमका लागि हल भाडामा लिएको भए सोको सम्झौता पत्र,

(घ) कार्ययोजनामा तोकिएका क्रियाकलापको कार्यसम्पन्नताको प्रमाण,

(ङ) आर्थिक प्रतिवेदन सहितको तालीमको फोटा,

(च) सम्झौतामा भुक्तानी गर्दा पेश गर्ने भनी तोकिएका कागजात,

(छ) मन्त्रालयले तोकेका अन्य कागजात।

(३) मन्त्रालयले लक्षित समूहले तालीममा सहभागी भए वापत पाउने सहभागी खाजा भत्ता तथा यातायात लगायतका अन्य सुविधा तालीम प्रदायक संस्था मार्फत भुक्तानी गर्नुपर्ने गरी सम्झौता गरेकोमा उक्त रकम लक्षित समूहलाई भुक्तानी गरेको भरपाईका आधारमा रकम शोधभर्ना गर्नु पर्नेछ।

(४) सम्झौतामा उल्लेख गरिएको अवधिभित्र कार्यसम्पन्न गरी सक्नु पर्नेछ।

तर काबु बाहिरको परिस्थितिको कारण सम्झौता अवधिभित्र कार्यसम्पन्न गर्न नसक्ने भएमा सोको आधार र औचित्य उल्लेख गरी म्याद समाप्त हुनुभन्दा पन्ध्र दिन अगाडि म्याद थपको लागि

मन्त्रालयमा निवेदन दिनु पर्नेछ र मन्त्रालयले आवश्यकता तथा औचित्यका आधारमा म्याद थप गर्न सक्नेछ।

(५) मन्त्रालयले तालीम प्रदायक निकायलाई रकम भुक्तानी गर्दा अनुगमन समितिको प्रतिवेदनका आधारमा गर्नु पर्नेछ।

(६) तालीम सम्बन्धी खर्च, सहभागी खाजा भत्ता, यातायात खर्च लगायतका अन्य व्यवस्था प्रदेश सरकारको खर्चको मापदण्ड सम्बन्धी कार्यविधि बमोजिम हुनेछ।

## परिच्छेद–४

## वस्तुगत अनुदान सहयोग कार्यक्रम सञ्चालन विधि

८. **अनुदान सहयोगको लागि लक्षित समूहको छनौटः** (१) यस कार्यविधि बमोजिम तालीम लिएका लक्षित समूह मात्र अनुदान तथा वस्तुगत सहयोग कार्यक्रममा सहभागी हुन सक्नेछन्।

(२) कुनै लक्षित समूह तालीममा सहभागी भएको तर तत्काल स्वरोजगारमूलक उद्यम वा व्यवसायमा सहभागी हुन नचाहेमा वा योजना बनाईसकेको नभएमा अनुदान तथा वस्तुगत सहयोग कार्यक्रममा सहभागी गराइने छैन।

(३) मन्त्रालयले अनुदान तथा वस्तुगत सहयोगका लागि लक्षित समूह छनौंट गरी अन्तिम सूची निर्धारण गर्नेछ।

९. **वस्तुगत तथा पूँजी निर्माणका लागि अनुदानको सीमाः** (१) दफा ८ बमोजिम छनौंट भएका तालीम प्राप्त लक्षित समूहलाई तालीमसँग सम्बन्धित विषयमा पेशा व्यवसाय गर्न आवश्यक पर्ने पूँजी, मेसिनरी औजार, उपकरण, प्रविधि, उत्पादन तथा प्रशोधन सामग्री वा पेशागत सुरक्षाको लागि आवश्यक पर्ने सामग्री खरिद गर्न खुद परल मुल्य ननाघ्ने गरी बढीमा ३० हजारसम्मको सीमाभित्र रहने गरी नगद अनुदान वा वस्तुगत सहयोग उपलब्ध गराउन सकिनेछ।

(२) उपदफा (१) बमोजिमको वस्तुगत अनुदान सहयोगको सीमाभित्र रहने गरी मन्त्रालयले सम्बन्धित लक्षित समूहलाई वितरण गर्ने गरी खरिद गर्न सक्नेछ।

तर मन्त्रालयले आफैले खरिद गर्न नसक्ने भएमा लक्षित समूहले खरिद गरेका सक्कल बिल भरपाई लगायतका अन्य प्रमाणका आधारमा मन्त्रालयले लक्षित समूहलाई अनुदान रकम प्रदान गर्न सक्नेछ।

१०. **अनुदान तथा वस्तुगत सहयोग वितरण प्रक्रियाः** (१) लक्षित समूहले अनुदान तथा वस्तुगत सहयोग प्राप्त गर्न तालीम सम्पन्न पश्चात तालीम प्रदायक निकायको सहयोग र समन्वयमा उद्यम तथा व्यवसायिक कार्य योजना तयार गरी आफूले खरिद गरेको मेसिनरी औजार, उपकरण, प्रविधि तथा

अन्य सामग्रीको सक्कल बिल भरपाई सहित अनुसूची-९ बमोजिम सम्बन्धित स्थानीय तहको सिफारिस समेत संलग्न राखी भुक्तानीका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम पेश हुन आएका कार्ययोजना बमोजिम स्वीकृत भएको अनुदान रकमको सीमाभित्र रही मन्त्रालय वा मन्त्रालयले तोकेको निकाय/कार्यालय मार्फत वा उपयुक्त स्थान छनौंट गरी अनुदान तथा वस्तुगत सहयोग वितरण गरिनेछ।

(३) यस दफा बमोजिम मन्त्रालयले लक्षित समूहलाई अनुदान तथा वस्तुगत सहयोग वितरण तथा सञ्चालन गर्दा आवश्यकतानुसार सम्बन्धित स्थानीय तहका कर्मचारीहरु तथा मुख्यमन्त्री शैक्षिक सुधार कार्यक्रमका कार्यक्रम सहजकर्तालाई परिचालन गर्न सकिनेछ र यसरी खटिएका कर्मचारी वा कार्यक्रम सहजकर्तालाई प्रचलित कानून बमोजिमको सुविधा उपलब्ध गराउन सकिनेछ।

## परिच्छेद-५

## समिति सम्बन्धी व्यवस्था

११. **निर्देशक समिति**ः (१) यस कार्यविधि बमोजिम कार्यक्रम सञ्चालनको लागि कार्यक्रम व्यवस्थापन समितिबाट सिफारिस भई आएका प्रस्ताव स्वीकृत गर्ने तथा आवश्यक नीतिगत निर्णय तथा समस्या समाधान सम्बन्धमा आवश्यक मार्ग निर्देशनका लागि मन्त्रालयमा देहाय बमोजिमको निर्देशक समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्री, मन्त्रालय | अध्यक्ष |
| (ख) | राज्यमन्त्री, मन्त्रालय | सदस्य |
| (ग) | सचिव, मन्त्रालय | सदस्य |
| (घ) | अध्यक्षले तोकेको विषय क्षेत्रगतसँग (कृषि/वन/उद्योग) सम्बन्धित प्रदेश मन्त्रालयको सचिव | सदस्य |
| (ङ) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) निर्देशक समितिले आवश्यक ठानेमा विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) समितिको बैठक सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(४) समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) कार्यक्रम व्यवस्थापन समितिवाट पेश भएका प्रस्तावहरु औचित्यताको आधारमा स्वीकृत गर्ने,

(ग) कार्यक्रम कार्यान्वयनका सन्दर्भमा कार्यक्रम व्यवस्थापन समिति तथा अनुगमन समितिलाई आवश्यक निर्देशन दिने,

(घ) कार्यक्रम कार्यान्वयन गरिने जिल्ला तथा स्थानको छनौंट गर्ने,

(ङ) तालीमका लागि पाठ्यक्रम स्वीकृत गर्ने,

(च) तालीम प्रदायक निकाय छनौंट तथा मूल्याङ्कनका आधार स्वीकृत गर्ने।

**१२. <u>कार्यक्रम व्यवस्थापन समिति</u>ः** (१) यस कार्यविधि बमोजिमको कार्यक्रम कार्यान्वयनको लागि मन्त्रालयमा देहाय बमोजिमको कार्यक्रम व्यवस्थापन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | सचिव, मन्त्रालय | अध्यक्ष |
| (ख) | प्रमुख, प्रशासन महाशाखा, मन्त्रालय | सदस्य |
| (ग) | प्रमुख, सहकारी दर्ता अधिकारीको कार्यालय | सदस्य |
| (घ) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | सदस्य सचिव |

(२) कार्यक्रम व्यवस्थापन समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(३) कार्यक्रम व्यवस्थापन समितिले आवश्यकता अनुसार कुनै विज्ञ, विशेषज्ञ वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(४) कार्यक्रम व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिमको हुनेछः-

(क) कार्यक्रम कार्यान्वयन सम्बन्धमा आवश्यक नीतिगत निर्णय गर्ने,

(ख) तालीमको विषय र पाठ्यक्रम तालीम प्रदायक निकायको समन्वयमा निर्धारण गर्ने,

(ग) स्थानीय तहबाट सिफारिस भई आएका लक्षित समूहलाई तालीम तथा अनुदान एवम् वस्तुगत सहयोगको लागि छनौंट गर्ने,

(घ) प्राप्त निवेदनको आधारमा तालीम तथा प्रशिक्षार्थी संख्या निर्धारण गर्ने,

(ङ) आवश्यकता अनुसार कार्यक्रमको अनुगमन गर्ने गराउने।

**१३. <u>मुल्याङ्कन समिति</u>ः** (१) यस कार्यविधि बमोजिम स्थानीय तहबाट सिफारिस भई आएका लक्षित समूहको छनौंटका लागि सिफारिस गर्ने, अनुदान एवम् वस्तुगत सहयोगका लागि प्राप्त कार्ययोजना बमोजिम लक्षित समूहको छनौंटका लागि सिफारिस गर्ने र तालीम प्रदायक निकायले पेश गरेका प्रस्तावहरुको मूल्याङ्कन गरी छनौंटको लागि कार्यक्रम व्यवस्थापन समितिमा पेश गर्न मन्त्रालयमा देहाय बमोजिमको मूल्याङ्कन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | प्रमुख, सहकारी विकास महाशाखा, मन्त्रालय | अध्यक्ष |

| | | |
|---|---|---|
| (ख) | अधिकृत प्रतिनिधि, प्रदेश लेखा नियन्त्रक कार्यालय | सदस्य |
| (ग) | प्रमुख, आर्थिक प्रशासन शाखा, मन्त्रालय | सदस्य |
| (घ) | कानून अधिकृत, मन्त्रालय | सदस्य |
| (ङ) | अधिकृत प्रतिनिधि, कृषि विषय हेर्ने मन्त्रालय | सदस्य |
| (च) | अधिकृत प्रतिनिधि, उद्योग विषय हेर्ने मन्त्रालय | सदस्य |
| (छ) | अधिकृत प्रतिनिधि, कानून विषय हेर्ने मन्त्रालय | सदस्य |
| (ज) | प्रमुख, सहकारी शाखा, मन्त्रालय | सदस्य सचिव |

(२) मूल्याङ्कन समितिले आवश्यकता अनुसार कुनै विषय विज्ञ कर्मचारी वा पदाधिकारीलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ।

(३) मूल्याङ्कन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः-

(क) स्थानीय तहबाट सिफारिस भई आएका लक्षित समूहको छनौंटका लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ख) अनुदान एवम् वस्तुगत सहयोगका लागि प्राप्त कार्ययोजना बमोजिम लक्षित समूहको छनौंटका लागि कार्यक्रम व्यवस्थापन समिति समक्ष सिफारिस गर्ने,

(ग) तालीम प्रदायक निकायबाट प्राप्त भएका प्राविधिक तथा आर्थिक प्रस्तावहरुको मूल्याङ्कन गरी स्वीकृतिको लागि कार्यक्रम व्यवस्थापन समितिमा पठाउने,

(घ) मूल्याङ्कन गर्दा कार्यविधि अनुसारको निर्देशक समितिवाट स्वीकृत मापदण्डको आधारमा गर्ने,

(ङ) प्रचलित कानूनले मूल्याङ्कन समितिले गर्ने भनी तोकेका कार्य गर्ने।

१४. **<u>अनुगमन समिति:</u>** (१) यस कार्यविधि बमोजिम लक्षित समूहको तालीम सञ्चालन, अनुदान तथा वस्तुगत सहयोग वितरण लगायतका कार्यको अनुगमन गर्न देहायको बमोजिमको अनुगमन समिति रहनेछः-

| | | |
|---|---|---|
| (क) | मन्त्रालयले तोकेको कर्मचारी | संयोजक |
| (ख) | प्रदेश सरकारका सम्बन्धित कार्यालयको कार्यालयका प्रमुख वा निजले तोकेको प्रतिनिधि | सदस्य |
| (ग) | सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत वा निजले तोकेको सम्बन्धित महाशाखा/शाखा प्रमुख | सदस्य |
| (घ) | अध्यक्ष, जिल्ला सहकारी संघ | सदस्य |

(ङ) सम्बन्धित तालीम सञ्चालन हुने वडाको वडा अध्यक्ष सदस्य

(च) मन्त्रालयले तोकेको सहकारी महाशाखाको अधिकृत कर्मचारी सदस्य

(२) अनुगमन समितिले तालीम अवधिभरमा कम्तीमा एक पटक र तालीम सम्पन्न पश्चात कम्तीमा एक पटक अनुगमन गर्नु पर्नेछ।

तर अनुगमन समितिले आवश्यकतानुसार जुनसुकै बखत कार्यक्रमको अनुगमन गर्न सक्नेछ।

(३) मन्त्रालयले तालीम प्रदायक निकायलाई रकम भुक्तानी गर्दा तथा लक्षित समूहलाई अनुदान तथा वस्तुगत सहयोग प्रदान गर्दा अनुगमन समितिको प्रतिवेदन तथा सिफारिसको आधारमा गर्नु पर्नेछ।

## परिच्छेद-६

## विविध

**१५. कार्यक्रम सञ्चालन तथा व्यवस्थापन खर्चः** मन्त्रालयले यस कार्यविधि बमोजिमका कार्यक्रम सञ्चालनका लागि आवश्यक पर्ने देहाय बमोजिमको रकम यसै कार्यक्रमको खर्च शीर्षकमा विनियोजित रकमबाट व्यवस्थापन गर्नेछः-

(क) प्रस्ताव पेश गर्ने सूचना प्रकाशन, सङ्कलन तथा व्यवस्थापन खर्चको रकम,

(ख) अनुगमन तथा सुपरिवेक्षण खर्च रकम,

(ग) यस कार्यविधि बमोजिमका समितिहरुका बैठक भत्ता बापतको खर्च रकम,

(घ) अन्य कार्य सञ्चालन खर्च रकम।

**१६. समन्वयः** मन्त्रालयले कार्यक्रमलाई व्यवस्थित रुपले सञ्चालन गर्न नेपाल सरकार तथा प्रदेश सरकारका निकाय, सम्बन्धित स्थानीय तह, सरकारी तालीम प्रदायक निकाय तथा अन्य सरोकारवाला निकायसँग आवश्यक समन्वय गर्नेछ।

**१७. कारबाहीको व्यवस्थाः** (१) कार्यक्रम सञ्चालन गर्दा तालीम प्रदायक निकाय र सहभागीहरुले मन्त्रालय र अन्तर्गतका निकायहरुले दिएका निर्देशनको पालना गर्नु पर्नेछ।

(२) तालीम प्रदायक निकायले सम्झौता बमोजिमको कार्य नगरेमा मन्त्रालयले भुक्तानी रोक्का गरी प्रचलित कानून वमोजिम कारबाही गर्नेछ।

(३) लक्षित समूहले तालीम सम्बन्धी जारी गरिएका आचारसंहिता पालना नगरेमा वा अनुदान तथा वस्तुगत सहयोगको दुरुपयोग गरेमा प्रचलित कानून बमोजिम कारबाही गरी त्यस्तो लक्षित समूहलाई मन्त्रालयले तालीमबाट निस्कासन गर्न वा अनुदान तथा वस्तुगत सहयोग वापतको रकम सरकारी बाँकी सरह मानी असूल उपर गर्नेछ।

१८. **<u>बाधा अड्काउ फुकाउ तथा व्याख्याः</u>** (१) यस कार्यविधिको कार्यान्वयनको क्रममा कुनै बाधा अड्चन उत्पन्न भएमा त्यस्तो बाधा अड्काउ फुकाउने कार्य निर्देशक समितिको सिफारिसको आधारमा मन्त्रालयले गर्नेछ।

(२) कार्यविधि कार्यान्वयनको क्रममा कार्यविधिमा व्यवस्था गरिएका कुनै विषयको व्याख्या गर्नु परेमा मन्त्रालयको व्याख्या अन्तिम हुनेछ।

१९. **<u>प्रचलित कानून बमोजम हुनेः</u>** (१) यस कार्यविधिमा समावेश गरिएका विषयको हकमा यसै बमोजिम र समावेश नभएका विषयको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

(२) यस कार्यविधिमा व्यवस्था गरिएका विषयहरु प्रचलित कानूनसँग बाझिएमा बाझिएको हदसम्म प्रचलित कानून मान्य हुनेछ।

२०. **<u>अनुसूचीमा हेरफेर</u>**: यस कार्यविधिमा उल्लेखित अनुसूचीहरुमा मन्त्रालयले आवश्यकताको आधारमा हेरफेर र थपघट गर्न सक्नेछ।

## अनुसूची-१

## (दफा ६ को उपदफा (१) सँग सम्वन्धित)

## आधारभूत सीप विकास तालीमहरु

| सि.नं. | सीप बिकासका क्षेत्रहरु | कैफियत |
|---|---|---|
| १ | सिकर्मी तथा फर्निचर सम्बन्धी तालीम | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| २ | डकर्मी तथा रङ्गरोगन सम्बन्धी तालीम | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ३ | प्लम्बर तथा हाउस वायरिङ्ग सम्बन्धी तालीम | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ४ | कपाल काट्ने तालीम | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ५ | कृषि यन्त्र उपकरण सञ्चालन तथा मर्मत तालीम | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ६ | कुखुरा/हाँसपालन | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |
| ७ | एसी तथा फ्रिज जडान तथा मर्मत | तालीम पश्चात व्यवसाय शुरु गर्न आवश्यक वस्तुगत सहयोग समेत |

## अनुसूची-२

### (दफा ५ को उपदफा (२) सँग सम्वन्धित)

### सूची दर्ता/ प्राविधिक तथा आर्थिक प्रस्ताव आव्हान गरिएको सूचना

प्रथम पटक प्रकाशित मिति:........................

यस मन्त्रालयको आ.व....... को वार्षीक स्वीकृत कार्यक्रम अनुसार लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम कार्यक्रम सञ्चालन गर्नुपर्ने भएकोले उक्त तालीमहरु सञ्चालनका लागि तालीम प्रदायक संस्था/फर्म/कम्पनी मार्फत सञ्चालन गर्नुपर्ने भएकोले ईच्छुक संस्था/फर्म/कम्पनीले यो सूचना प्रकाशन भएको मितिले .................. दिनभित्र यस मन्त्रालयबाट जारी लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन कार्यविधि, २०७८ को अनुसूची-१ मा उल्लिखित आधारभूत (अधिकतम १५ कार्यदिन) तालीम सञ्चालनका लागि अनुसूची-३ बमोजिमको सूची दर्ताका लागि आवदेन-पत्र/ अनुसूची-४ बमोजिमको प्राविधिक तथा आर्थिक विवरण उल्लेख गरी मन्त्रालयमा प्रस्ताव पेश गर्नका लागि यो सूचना प्रकाशन गरिएको छ।

## अनुसूची-३

(दफा ५ को उपदफा (३) सँग सम्वन्धित)

**सूची दर्ताको लागि आवेदन-पत्रको ढाँचा**

श्रीमान् सचिव ज्यू,
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश, मुकाम : बुटवल।

विषयः- गरीबी न्यूनीकरणको लागि लक्षित समूह लागि सीप विकास तालीम तथा वस्तुगत सहयोग कार्यक्रम सञ्चालनका लागि सूचिकृत हुने सम्बन्धमा।

महोदय,

हाम्रो ......................................................... फर्म/संस्थाबाट ....................... जिल्ला, .............................म.न.प./उप.म.न.पा./न.पा./गा.पा.,.........वडा नं. अन्तर्गत................. ............ स्थानमा........................................... तालीम सञ्चालन गर्ने उद्देश्यले दर्ता भएकोले त्यस मन्त्रालयबाट आह्वान गरिएको गरीबी न्यूनीकरणको लागि लक्षित समूह सीप विकास तालीम तथा वस्तुगत सहायता कार्यक्रम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

१. फर्म/संस्थाको नामः
२. फर्म/संस्था/कम्पनीको संक्षिप्त परिचयः
३. यस अघि सञ्चालन गरेका तालीमहरुको बिवरणः
४. प्रस्तावित तालीम सञ्चालन गर्न सकिने स्थानः
५. तालीम सञ्चालनको विस्तृत विवरण:

| क्र.स. | आधारभूत तालीमको नाम | आधारभूत तालीमको अवधि हप्ता (दिन) | एक समूह सहभागी गराउन सकिने संख्या | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |

नोटः- सबै तालीमको पाठ्यक्रम तथा पाठ योजना छुट्टै-छुट्टै संलग्न राखी पेश गर्नु पर्नेछ।

तपसिल:

(क) संस्था/कम्पनी/फर्मको दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,

(ख) संस्था/कम्पनी/फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,

(ग) संस्था/कम्पनी/फर्मको गत आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) संस्था/कम्पनी/फर्मको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,

(ङ) संस्था/कम्पनी/फर्म संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,

(च) संस्था/कम्पनी/फर्मको तालीम प्रदान गरेका विषयसँग सम्बन्धित अनुभवका प्रमाणहरु,

(छ) मन्त्रालयले सूचनामा तोकिएका अन्य कागजात तथा शर्तहरु।

निवेदकको

फर्म/संस्था सञ्चालकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

मोबाइल नः

इमेलः

मिति:

## अनुसूची-४
## (दफा ५ को उपदफा (५) सँग सम्वन्धित)
## लक्षित समूहका लागि सीप विकास तालीम सञ्चालनको विस्तृत प्राविधिक\आर्थिक प्रस्तावको ढाँचा

श्रीमान् सचिव ज्यू,
आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश, मुकामः बुटवल।

विषयः-गरिबी न्यूनीकरणको लागि लक्षित समूह सीप विकास तालीम सञ्चालन गर्नका लागि प्राविधिक\आर्थिक प्रस्ताव पेश गरेको बारे।

महोदय,

हाम्रो ...................................................... फर्म/संस्थाबाट ....................... जिल्ला, ............................म.न.पा./उप.म.न.पा./न.पा./गा.पा वडा नं. अन्तर्गत ................ ............ स्थानमा ............................................ तालीम सञ्चालन गर्ने उद्देश्यले दर्ता भएकोले त्यस मन्त्रालयबाट आव्हान गरिएको गरीबी न्यूनीकरणको लागि लक्षित समूह आयआर्जन विशेष कार्यक्रमका लागि सीप विकास तालीम सञ्चालन गर्नका लागि तपसिल बमोजिमका कागजातहरु संलग्न राखी यो आवेदन पेश गरेका छौं।

प्राविधिक प्रस्तावको साथ प्रचलित कानून अनुसार खुलाउनु पर्ने विषयका अतिरिक्त देहाय बमोजिम विवरण समेत अनिवार्य समावेश गर्नुपर्ने

१. फर्म/संस्था/कम्पनीको नाम तथा ठेगाना:
२. फर्म/संस्था/कम्पनीको संक्षिप्त परिचयः
३. यस अघि सञ्चालन गरेका तालीमहरुको बिवरणः
४. प्रस्तावित तालीम सञ्चालन गर्न सकिने स्थानः
५. तालीम सञ्चालनका लागि आवश्यक जनशक्ति, शैक्षिक योग्यता र सीप विकास प्रमाण पत्र

| क.स. | आधारभूत तालीमको नाम | आधारभूत तालीमको अवधि दिन | सहभागी सङ्ख्या (जना) | तालीम सञ्चालन खर्च (प्रतिव्यक्ति) प्रशिक्षण सामग्री सहित | खाजा खर्च (प्रतिव्यक्ति) | खाना खाजा तथा आवास खर्च (प्रतिव्यक्ति) | जम्मा खर्च (प्रतिव्यक्ति) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | १० देखि १५ | | | | | |
| | | | १६ देखि २० | | | | | |
| | | | २१ देखि २५ | | | | | |
| २. | | | | | | | | |

**तालीम सञ्चालनको विस्तृत आर्थिक प्रस्तावको विवरण:**

नोट: सबै तालीमको पाठ्यक्रम तथा पाठ योजना छुट्टै संलग्न राखी पेश गर्नु पर्नेछ प्रशिक्षार्थीहरुको सुविधा सम्बन्धी व्यवस्था प्रदेश सरकारको सार्वजनिक खर्चको मापदण्ड, कार्यविधि र मितव्ययिता सम्बन्धी निर्देशिका, २०७५ मा तोकिएको सीमाभित्र रहेर गर्नु पर्नेछ।

संलग्न गर्नुपर्ने कागजातहरु:-

(क) संस्था/कम्पनी/फर्मको दर्ताको प्रमाण-पत्रको प्रतिलिपि,
(ख) संस्था/कम्पनी/फर्मको स्थायी लेखा नं. प्रमाणपत्रको प्रतिलिपि,
(ग) संस्था/कम्पनी/फर्मको गत आ.व.को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,
(घ) संस्था/कम्पनी/फर्मको करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि,
(ङ) संस्था/कम्पनी/फर्म संचालकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
(च) संस्था/कम्पनी/फर्मको तालीम प्रदान गरेका विषयसँग सम्बन्धित अनुभवका प्रमाणहरु,
(छ) मन्त्रालयले सूचनामा तोकिएका अन्य कागजात तथा शर्तहरु।

निवेदकको

फर्म/संस्था सञ्चालकको नामः

दस्तखतः

ठेगानाः

सम्पर्क नः

मोबाइल नः इमेलः मितिः

**अनुसूची-५**

(दफा ४ को उपदफा (१) सँग सम्वन्धित)

**<u>सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन लक्षित समूहका लागि सूचना आह्वानको ढाँचा</u>**

प्रथम पटक प्रकाशित मितिः.........................

यस मन्त्रालयको आ.व. ................ को वार्षीक स्वीकृत कार्यक्रम अनुसार ................. जिल्लाका स्थानीय तहहरुमा लक्षित समूह/समुदायका गरीब नागरिकको लागि तपसिल अनुसारका तालीम कार्यक्रम सञ्चालन हुने भएकोले उक्त तालीममा सहभागी भई वस्तुगत अनुदान सहयोग समेत प्राप्त गर्न चाहने ईच्छुक व्यक्तिले कार्यविधिको दफा ४ बमोजिमको मापदण्डभित्र पर्ने भनी सम्बन्धित स्थानीय तहको वडा कार्यालयको सिफारिस सहित अनुसूची-६ अनुसारको फाराम भरी मिति............. भित्र पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। सम्बन्धित स्थानीय तहले लक्षित समूहले सीप विकासका लागि माग गरेको तालीमको विषय क्षेत्र अनुसार प्राथमिकताक्रमानुसार सिफारिस सहित निवेदकहरुको सक्कलै निवेदन सहित मिति...............भित्र यस मन्त्रालयमा पठाई दिनुहुन समेत यसै सूचनाबाट अनुरोध गरिएको छ।

**अनुसूची-६**

**(दफा ४ को उपदफा (२) सँग सम्बन्धित)**

**<u>लक्षित समूहले सीप विकास तालीम तथा वस्तुगत सहयोगका लागि स्थानीय तहमा पेश गर्ने फारामको ढाँचा</u>**

फोटो

श्रीमान अध्यक्षज्यू,

.................................. गाउँपालिका

..................................

**बिषयः**-लक्षित समूह/समुदायमा आधारित सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सिफारिस गरी पाउँ भन्ने बारे।

महोदय,

उपरोक्त विषयमा म यस ................................ पालिका वडा नं.........श्री .................................. लुम्बिनी प्रदेश सरकारको आर्थिक मामिला तथा सहकारी मन्त्रालयबाट सञ्चालन हुने लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रममा सहभागी हुन इच्छुक भएको हुँदा तपसिल अनुसारको बिवरण सहित उक्त तालीममा सिफारिस गरी दिनुहुन विनम्र अनुरोध गर्दछु।

सहभागी हुन प्रस्ताव गरेको तालीमको नाम: (प्राथमिकता अनुसार तीन वटासम्म रोज्न सकिने)

(१) ..................................

(२) ..................................

(३) ..................................

**क) व्यक्तिगत तथा पारिवारिक विवरणः**

१. नाम थर:

२. उमेर:

३. लिङ्ग

४. जन्म मिति:

५. नागरिकता नं:

६. शैक्षिक योग्यता:

७. वैवाहिक अवस्था:

८. पति/पत्नीको नाम थर:

९. बाबु/आमाको नाम थर :

१०. सम्पर्क मोवाईल नं :

११. स्थायी ठेगाना :

जिल्लाः

पालिकाः

वडा नं.

टोलः

१२. परिवारमा जम्मा सदस्य सङ्ख्याः

०-१४ वर्षसम्मको सङ्ख्या ........ १५-५९ वर्षसम्मको सङ्ख्या .........

६० वर्ष माथिको सङ्ख्या ...... अपाङ्गगता भएको सङ्ख्या ...........

**ख) परिवारको आर्थिक अवस्थाः**

१. परिवारको स्वामित्वमा जग्गाः छ/छैन

२. जग्गा भएमा जग्गाको क्षेत्रफलः .................रोपनी / कठ्ठा

३. परिवारको स्वामित्वमा रहेको जग्गाको अनुमानित मूल्यः रु......................... (प्रचलित बजार मूल्य अनुसार)।

४. आफूले गरेको कृषि तथा पशुपछींजन्य उत्पादन तथा बिक्रीबाट वर्षभरी खानः ................. पुग्दछ/पुग्दैन।

५. पुग्दैन भने कति महिना पुग्दछः............... महिना पुग्दछ।

६. परिवारका कुनै सदस्य वैदेशिक रोजगारीमाः छ/छैन

७. वैदेशिक रोजगारीमा भएमाः ................ जना र मासिक आम्दानी ............... रुपैयां

८. परिवारका सदस्यहरु अन्य रोजगारीमाः छन/छैनन्

९. रोजगारीमा भएमाः ............... पेशामा छन् र मासिक आम्दानी ................ रुपैयां

१०. घरको किसिमः पक्की (आर.सी.सी)/ कच्ची ( माटो, ढुङ्गगा, टायल, जस्ता )/ झुपडी (खर, छवाली)

११. परिवारले कुनै ऋण लिएकोः छ/छैन

१२. ऋण लिएको भए कति लिएकोः रु.............

१३. कुन उद्देश्यका लागि लिएकोः .....................

**ग) यस अघि कुनै तालीम प्राप्त गरेको भए सो को विवरणः**

१. तालीमको नामः

२. तालीमको अवधिः

३. तालीम दिने संस्थाको नामः

**घ) अनुदान माग गर्नुका कारणः**

१. हालको पेशा तथा भावी योजना :

| क.स. | हाल गरिरहेका क्रियाकलाप | परिणाम | अनुदानबाट थप गर्ने क्रियाकलाप | परिणाम |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |

२. स्थानीय तह/प्रदेश/नेपाल सरकारबाट विगत २ वर्ष भित्र कुनै सुविधा पाएको/नपाएको

पाएको भए :

| क.स. | कार्यक्रमको विवरण | अनुदान प्राप्त गरेको निकाय | प्राप्त रकम रु. प्राप्त गरेको वर्ष |
|---|---|---|---|
| | | | |
| | | | |

माथि उल्लेख गरेका विवरण साँचो हो। झुठा ठहरे कानून बमोजिम सहुँला बुझाउला।

............................................

सही छाप

निवेदकको हस्ताक्षर

मितिः

| बायाँ | दायाँ |
|---|---|
| | |

नोटः माथि उल्लेखित विवरणका साथ नागरिकता प्रमाणपत्रको प्रतिलिपि र तालीम प्राप्त गरेको भए प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

**अनुसूची-७**

(दफा ४ को उपदफा (४) सँग सम्बन्धित)

**स्थानीय तहले सीप विकास तालीम तथा अनुदान सहयोगका लागि लक्षित समूह सिफारिस गर्ने ढाँचा**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश, मुकामः बुटवल।

तहाँ मन्त्रालयको मिति ...................... मा प्रकाशित सूचना अनुसार लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रमका लागि यस ...................... पालिकामा पर्न आएका निवेदनहरुमध्ये प्राथमिकताक्रम अनुसार ................ जना मुख्य उम्मेदवार तथा ................ जना वैकल्पिक उम्मेदवारको सूची तयार गरी निजहरुको सक्कल निवेदन समेत यसै साथ संलग्न राखी पठाइएको ब्यहोरा जानकारीको लागि अनुरोध छ।

तपसिल

| सि नं | नाम थर | ठेगाना वडा र टोल समेत खुल्ने गरी | कैफियत |
|---|---|---|---|
| १ | | | मुख्य उम्मेदवार |
| २ | | | |
| ३ | | | |
| ४ | | | |
| ५ | | | |
| ६ | | | |
| | | | |
| | | | वैकल्पिक उम्मेदवार |

हस्ताक्षरः ..............................................
नाम, थरः ..............................................
पदः ..............................................
कार्यालय/निकायः ..............................................
कार्यालय/निकायको छापः ..............................................

## अनुसूची-८

(दफा ५ को उपदफा (७) सँग सम्बन्धित)

**<u>सम्झौता-पत्र</u>**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय, लुम्बिनी प्रदेश मुकाम: बुटवल मार्फत सञ्चालन गरिने आ.व................ को स्वीकृत कार्यक्रम लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालन गर्न श्री............................ ..................................(यस पछि पहिलो पक्ष भनिएको) र विशिष्टताका आधारमा छनौट भएका फर्म/संस्था/कम्पनी श्री....................................................................(यस पछि दोस्रोपक्ष भनिएको) बीच तपसिलका शर्तनामाहरु लागू हुने गरी कार्यक्रम सम्पन्न गर्न मिति............... मा सम्झौता गरिएको छः-

१. यो सम्झौता पत्र...................................(पहिलो पक्ष) र................................. (दोस्रो पक्ष) बीच लक्षित समूह/समुदायमा रहेका गरीब नागरिकहरुका लागि सीप विकास तालीम तथा अनुदान सहयोग कार्यक्रम सञ्चालनका लागि प्रयोग हुनेछ।

२. सम्झौता भएको मितिदेखि यो सम्झौता प्रारम्भ भएको मानिनेछ।

३. दोस्रो पक्षले सम्झौतामा उल्लेख भए बमोजिमका कार्यहरु सम्झौता भएको मितिले १५ दिनभित्र शुरु गर्नु पर्नेछ।

४. सम्झौता भएको ............ दिनभित्र यो कार्यक्रम सम्पन्न गरी सक्नु पर्नेछ।

५. सीप विकास तालीम सञ्चालनका लागि पहिलो पक्षले दोस्रो पक्षलाई कार्यक्रमको लागि स्वीकृत रकम अनलाइन भुक्तानी पद्धती मार्फत कार्यक्रम सम्पन्न भएपछि मात्र उपलब्ध गराउने छ।

६. सम्झौता बमोजिम रकम भुक्तानी गर्ने सम्बन्धमा लागत अनुसारको बिल सहित कार्य सम्पन्न प्रतिवेदन तयार गरी दोस्रो पक्षले पहिलो पक्षसँग अनुरोध गर्नु पर्नेछ र पहिलो पक्षले सम्पूर्ण प्रतिवेदन तथा बिलहरु प्राप्त भए पश्चात आवश्यक चेकजाँच गरी भुक्तानीको आवश्यक व्यवस्था मिलाउनेछ।

७. यस तालीम सञ्चालनको कुल सम्झौता रकम रु.......................(भ्याट सहित वा बाहेक) हुनेछ।

८. यस सम्झौता बमोजिम कार्यक्रम सञ्चालन गर्ने सिलसिलामा कुनै दुर्घटना वा भवितव्य हुन गई जनधनको क्षति भएको खण्डमा सो घटनाको पूर्ण जिम्मेवारी दोस्रो पक्षले लिनु पर्नेछ।

९. सम्झौता मुताविकका कार्य नभएमा वा उपलब्ध स्रोतको दुरुपयोग भएको पाइएमा पहिलो पक्षले जुनसुकै समयमा एकतर्फि रुपमा सम्झौता भङ्ग गरी दोस्रो पक्षबाट दुरुपयोग भए बराबरको रकम सरकारी बाँकी सरह असुल उपर गरी आवश्यक कारबाही अगाडी बढाउने छ।

१०.पहिलो पक्षका तर्फबाट कुनै पनि समयमा हुने कार्यक्रमको निरीक्षण र अनुगमन कार्यमा  सहयोग गर्नु दोस्रो पक्षको दायित्व हुनेछ।

११.यस सम्झौतामा उल्लेख भएका बाहेक अन्य कुराहरु प्रचलित कानून बमोजिम हुनेछ।

| | |
|---|---|
| .......................... | ............................ |
| पहिलो पक्षका तर्फबाट | दोस्रो पक्षका तर्फबाट |
| नामः | नामः |
| पदः | पदः |
| साक्षीहरु | साक्षीहरु |

मितिः २०........साल...............महिना...........गते ...........रोज शुभम्।

**<u>नोटः</u>** द्विपक्षीय सम्झौताका बखत उल्लिखित बुँदाहरुमा मन्त्रालयले थपघट गर्न सक्नेछ।

## अनुसूची-९

(दफा १० को उपदफा (१) सँग सम्बन्धित)

**<u>सीप विकास तालीम प्राप्त लक्षित समूह/समुदायलाई वस्तुगत अनुदान तथा वस्तुगत सहयोग प्राप्तीको लागि स्थानीय तहले गर्ने सिफारिसको ढाँचा</u>**

श्री आर्थिक मामिला तथा सहकारी मन्त्रालय
लुम्बिनी प्रदेश, मुकाम बुटवल।

विषयः- सिफारिस गरिएको सम्बन्धमा।

तहाँ मन्त्रालयबाट मिति ........................... देखि मिति .......................सम्म.......................स्थानमा सञ्चालन गरिएको गरिबी न्यूनीकरणको लागि लक्षित समूह सीप विकास तालीममा सहभागी भई तालीम सम्पन्न गरेका तपसिल बमोजिमका व्यक्तिले प्राप्त गरेको तालीमसँग सम्बन्धित पेशा व्यवसाय सुरु गरेकोले निजले तहाँबाट पाउने अनुदान तथा वस्तुगत सहयोग उपलब्धताको लागि तपसिल बमोजिमको विवरण सहित सफारिस गरिएको व्यहोरा अनुरोध छ।

| क.स. | नाम, थर | ठेगाना (पालिका, वडा,टोल) | सहभागी भएको तालीम | सुरु गरेको पेशा व्यवसाय | पेशा व्यवसायको जम लगानी मूल्य रु. | मन्त्रालयमा माग गरेको अनुदान/वस्तुगत सहयोग रकम रु. | व्यक्ति स्वयमको लगानी रु. |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |
| | | | | | | | |

हस्ताक्षरः .................................................

नाम, थरः .................................................

पदः .................................................

कार्यालय/निकायः .................................................

कार्यालय/निकायको छापः .................................................

**<u>नोटः</u>** तालीम प्रदायक संस्था मार्फत वा मन्त्रालयले आफै सहभागीहरुको माग अनुसार वस्तुगत सहयोग/औजार उपकरण उपलब्ध गराएकोमा यो सिफारिस आवश्यक पर्ने छैन।